# ईच्छाकामना गाउँपालिकाको ११ औं गाउ“सभा बैठकमा उपाध्यक्ष श्री माया सिलवालज्यूद्वारा प्रस्तुत आर्थिक बर्ष २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम

ईच्छाकामना गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन, बागमति प्रदेश

२०७९/३/१०

**"सुखी खुशी समृद्ध इच्छाकामना, कृषि पर्यटन पुर्वाधार विकास हाम्रो चाहना"**

श्रद्धेयसभाध्यक्षज्यू
सम्पुर्ण जनप्रतिनिधिज्यूहरु
प्रमुख प्रशासकिय अधिकृतज्यू लगायत उपस्थित सम्पूर्ण कर्मचारीहरु

१. सत्तरी दशक लामो नेपाली जनताको संविधान आफैले लेख्ने सपना बमोजिम नेपालको संविधान जारी भएको अवस्था हामिसबैलाई सर्वविदितै छ । यो सपनामा धेरै शहिदहरुको बलिदान आम नेपाली जनताको त्याग विभिन्न राजनैतिक जन आन्दोलन तथा सशस्त्र संघर्षका पिडादायी पक्ष इतिहासका पानामा रहेका छन् । नेपालीहरुको सपना बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संरचनामा हाल तिन तहको सरकारको उपस्थितिले जनतामा विकास निर्माण तथा दैनिक सेवा प्रवाहमा छिटो छरितो तथा प्रभावकारी सेवामा जोड दिंदै आएको छ । संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले संविधानले तोके बमोजिम आआफ्नो क्षेत्रबाट सेवा प्रवाह विकास निर्माण कार्यसंगै आपसी सम्बन्ध सुमधुर बनाउँदै सबै नेपाली जनतामा सरकारको अनुभुति दिलाउन सफल भएको अवस्था विद्यमान छ ।

२. यी परिवर्तन गर्न धेरै नेपालीको योगदान तथा संघर्षको स्थितिमा देश विकासको अवस्था सन्तोष जनकनभई देश विकासको हिसाले पछाडि धकेलिएको अवस्था छ । अवस्था यस्तो हुँदा हुँदै पनि नेपाली जनताको सुखि र खुसी तथा समृद्ध देशको नागरिक हौं भन्ने भावनाको विकास गर्न अहिलेको अवस्थाबाट हामी सबै राजनीतिक दल, जनता, संचार क्षेत्र कर्मचारी सबैको साथ सहयोग र एकताले नै समृद्धि हासिल गर्ने बाटोमा अगाडि बढ्नु छ । अहिलेको अवस्थामा सबैले जनतानै केन्द्र विन्दुमा राखेर विकास निर्माणको काममा हालेमालो गर्नु छ ।

३. इच्छाकामना गाउँपालिकाको सन्दर्भमा पनि हामी सबै जनप्रतिनिधि, कर्मचारी, राजनैतिक दल, समाजसेवी लगायतको एकताले नै अहिलेको अवस्थाबाट समृद्ध गाउँपालिका बनाउन तथा यहाँको जनताको विकास प्रतिको तिब्र आकांक्षा तथा पुर्व जनप्रतिनिधले गरेका असलकामलाई स्थायीत्व दिंदै तिब्र आर्थिक विकास गर्नमा सहयोग पुग्नेछ ।

४. विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारीको अवसर श्रृजना गर्ने, कृषि क्षेत्रको विस्तृतीकरण, व्यवसायिकिकरण र आधुनिकिकरण गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सबै क्षेत्रसम्म पुऱ्याउने, वन जंगलको संरक्षण गर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक ब्यवस्थापनलाई सुशासनमैत्री बनाई संस्थागत सुदृढिकरण गर्ने तथा नेपालको संविधानको अनुसुची ८ मा व्यवस्था भए वमोजिमका कानुन निर्माण तथा कार्यान्वयन गरि आत्मनिर्भर उन्मुख हुनुपर्ने समग्र चुनौतीहरु हाम्रो सामु विद्यमान रहेका छन् ।

५. त्यसैगरी, थुप्रै चुनौती हुंदाहुंदै पनि हामी संग प्रशस्त संभावनाहरु पनि रहेका छन् । प्राकृतिक श्रोत र साधनले भरीपुर्ण पर्यटकीय क्षेत्र, खोलानाला, कृषि तरकारी तथा फलफुल उत्पादन, मनकामना केबलकार, त्रिशुली नदी, विविध जनसमुदायको कला र संस्कृती, लामो झरना, सामुदायिक वन तथा अन्य वन, श्रममा रमाउने परिश्रमी र श्रमजिवी जनता, विस्तार भएका

सडक संजाल, गाउँपालिका भित्र सञ्चालन भएका साना तथा ठूला उद्योग व्यवशाय, मुग्लिन जस्तो देशकै चर्चित बजार क्षेत्र लगायत कुरिनटार, फिस्लिङ जस्था व्यापारिक केन्द्रको रुपमा विकास हुँदै गरेका स्थान, समग्र विकास निर्माणको लागि गाउंपालिकावाट पारित भएका ऐन कानुन र उक्त ऐन कानुन अनुसार सेवाग्राहीहरुलाई गुणस्तरिय सेवा दिने चुस्त कर्मचारी संयन्त्र र अभिभावकको भूमिका निर्वाह गर्ने निर्वाचित जनप्रतिनिधीहरु हाम्रो विकासको संभावना हुन । यिनै सम्पूर्ण संभावनालाई आत्मसात गर्दै इच्छाकामना गाउंपालिकाको विकास निर्माणमा अगाडि बढ्ने अवसर गाउँपालिका सामु रहेको छ ।

६. स्थानीय तहहरुको विकासको अपेक्षित उद्देश्यहरु हासिल गर्न जन निर्वाचित प्रतिनिधिहरुको कुशल नेतृत्व अति नै आवश्यक भए वमोजिम नेपालको संविधान २०७२ ले स्थानिय सरकारको परिकल्पना गरे अनुसार स्थानीय तहको दोस्रो कार्यकालको नेतृत्वमा जनताले हामीलाई निर्वाचित गरेपछि गाउँपालिकाको नेतृत्व समालेका छौं । अवको ५ वर्षको नेतृत्व हामिले लिँदै गर्दागाउँपालिकाको विकास निर्माणमा सहयोग गर्न राजनीतिक दल, कर्मचारी प्रशासन, नागरिक समाज, निजि क्षेत्र, गै.स.स. तथा आम जनसमुदायको रचनात्मक एवं सिर्जनात्मक सहयोगको अपेक्षा गर्दै यस नीति तथा कार्यक्रम, योजना निर्माण गर्न सहयोग गर्नुहुने सम्पूर्ण प्रति म हार्दिक कृतज्ञता प्रकट गर्दै आगामी दिनमा समेत हामी जनप्रतिनिधीलाई यस्तै निरन्तर सहयोगको अपेक्षा गर्दछु । साथै नेपाल सरकारको "**सम्वृद्ध नेपाल, सुखी नेपाली**" भन्ने नारा यस्तै बागमति प्रदेश को "सुसंस्कृत र सुखी जनता; समाजवाद उन्मुख समृद्ध प्रदेश"को नारा यस्तै इच्छाकामना गाउँपालिकाको प्रथम आवधिक योजनाले तय गरेको**"सुखी खुशी समृद्ध इच्छाकामना कृषि पर्यटन पुर्वाधार विकास हाम्रो चाहना"**लाई आत्मसात गर्दै इच्छाकामना गाउंपालिका भित्रका नागरिकहरुलाई सम्वृद्ध र सुखी वनाउन हामी जननिर्वाचित सम्पूर्ण प्रतिनिधीहरु फुटेर होइन जुटेर, वहुमतिय हैन सहमतिय अभ्यासवाट विकास निर्माणमा एकजुट भई अगाडि बढ्ने प्रण गर्दछौं ।

७. संविधानको शासकीय स्वरुप अनुसार गठन भएको स्थानीय तह अन्तर्गत गठन भएको इच्छाकामना गाउँपालिकाको जन निर्वाचित प्रतिनिधिद्वारा विकास निर्माण कार्यको श्रृङ्खला शुरु भई एक कार्यकाल समाप्त भई अर्को कार्यकालको सुरु अवधिमा प्रबेश गरिरहँदा ईच्छाकामना गाउपालिकाको आर्थिक बर्ष २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम यस सम्मानीत गाउँ सभामा पेश गर्न पाउँदा गौरवान्वित महशुस गरेको छु ।

८. मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राजनैतिक व्यवस्था स्थापना गर्नका खातीर बिभिन्न चरणका संघर्ष, जनयुद्ध र शान्तिपूर्ण जन आन्दोलनहरुमा शहिद हुनु भएका आदरणिय वीर अमर शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । अपांग घाइते र बेपत्ता योद्धाहरुले पुऱ्याउनु भएको योगदानको उच्च मूल्यांकन गर्दै हार्दिक सम्मान व्यक्त गर्दछु ।

९. नेपालको संबिधान २०७२ को प्रावधान बमोजिम संघिय शासन व्यवस्थाको मर्म अनुरुप यस गाउपालिकामा निर्वाचित हामी जनप्रतिनिधिहरु निर्वाचित भएकै दिन देखी नै गाउपालिकाको विकास निर्माण तथा सम्बृद्धिका निम्ति अहोरात्र सक्रिय भुमिका निर्वाह गर्दै आएका छौं र आगामी दिनमा समेत यस कार्यलाई निरन्तरता दिने छौं ।

१०.गाउपालिकाको समृद्धि र विकासमा लागि पर्ने संघिय तथा प्रदेशका मा. सासदज्यूहरु, गाउँपालिकाका पूर्व जनप्रतिनिधि,स्थानीय राजनैतिक दल, चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मि, कर्मचारी तथा सम्पूर्ण इच्छाकामनाबासिको उच्च प्रशंसा गर्दछु ।साथै गाउँपालिकाको समग्र विकास, पिछडिएका चेपाङ समुदायको समृद्धिमा हातेमालो गर्ने विभिन्न गैर सरकारी संस्थाहरुलाई समेत विषेश धन्यवाद दिंदै आगामि दिनमा समेत गाउँपालिकामा रहेका पिछडिएका वर्ग, समुदायको आर्थिक विकास र समृद्धिको लागि पुनः मिलेर काम गर्न तथा सहकार्य गर्न आग्रह गर्दछु ।

सभाध्यक्ष तथा सभा सदस्यज्यूहरु,

अव म आगामी आर्थिक बर्ष २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

सर्व प्रथम

## १. आर्थिक विकास नीति अन्तर्गत

### क) कृषि तथा पशु विकास नीति

- कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशीलताको प्रवर्द्धन गर्न जैविक मल, बिउ, जैविक कीटनासक औषधीको उपलब्धता, उत्पादित बस्तुको भण्डारण तथा प्रशोधन र बजार व्यवस्थापनमा सहजीकरण गर्न सिंचाई सुविधा प्रवर्धन गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- किसानको लागत मुल्य प्राप्तिको सुनिश्तताको लागि कृषि तथा पशु विमा कार्यक्रमलाई अगाडि बढाईने छ ।
- कृषि प्रयोजनका लागि लिईने जग्गाहरुमा करका दरहरु घटाई सस्तो सुलभ मुल्यमा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।
- विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेका सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई गाउँपालिका भित्र उपलब्ध हुने निर्माण, सेवा व्यवसाय, उद्योग, कृषि लगायतका क्षेत्रका रोजगारदाताहरुसँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ ।
- उत्पादनका हिसाबले विशिष्ट पहिचान बनाउन **"एक वडा एक उत्पादनको कार्यक्रम"**लाई अगाडि बढाईनेछ ।
- रसायनिक मल तथा विषादी प्रयोगलाई क्रमशः निरुत्साहित गर्दै यस गा.पा. लाई अर्गानिक खेतीलाई प्रोत्साहन गर्दै लगिनेछ ।
- भरतपुर, पोखरा, काठमाडौं तथा आसपासका व्यापारीहरुसंगको आन्तरिक समझदारीमा स्थानीय उत्पादित कृषिजन्य वस्तुहरुको बजारीकरणमा विशेष जोड दिइनेछ ।
- माटोको नमुना लिने र सोही माटो सुहाउँदो खेती गर्न कृषकलाई प्रोत्साहन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- **"एक बोट १० को नोट"**कार्यक्रमलाई अझ परिस्कृत गरी **"एक घर १० फलफुलका वोट"**कार्यक्रम संचालन गर्न फलफुलका विरुवामा अनुदानको व्यवस्था गरिनेछ ।

- पशु पालनलाई व्यवस्थित गर्नको लागि भकारो सुधार, खोर सुधार तथा नश्ल सुधार कार्यक्रम प्रत्येक वडामा क्रमश लागु गरिनेछ ।
- ईच्छाकामनागाउँपालिका मासु, अण्डा र दुधमा आत्मनिर्भर गाउंपालिका बनाउन मुख्य ध्यान केन्द्रित गर्दैनिर्यात गर्न सक्ने बनाउन कृषकलाई प्रोत्साहन गरिनेछ ।
- कृषकको क्षमता अभिबृद्धिका लागि कृषक तालिम, अन्तरक्रिया, भ्रमण, गोष्ठीहरु संचालन गरिनेछ ।
- चालु आर्थिक वर्षमा संचालन भएको पकेट पशु अन्तर्गत बाख्रा पकेट क्षेत्र, कृषि अन्तर्गत आलु तथा केर पकेट क्षेत्र का साथै किवि जोन, कागति पकेट क्षेत्र, अदुवा वेसार जोन  कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- गाउँपालिका भित्रको मासुको मागको पुर्ति र निर्यात समेत गर्न सक्ने गरी बंगुर पकेट क्षेत्र कार्यक्रम संचालन गरिनेछ ।
- नश्ल सुधारका लागि बोका, बुँगुर पाठा, राँगा वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- अर्थिक रुपमा विपन्न चेपाङ समुदायमा कृषि कार्य तथा पशुपालनका लागि निशुल्क रुपमा विउविजन तथा पशु माउ वितरण गर्ने व्यवस्था मिलाईनेछ ।
- निर्माण सम्पन्न भएका तरकारी संकलन केन्द्रहरुलाई यथासक्य चाँडो सहकारी/कृषक समुहद्वारा संचालन हुने गरी अगाडि बढाईने छ र थप स्थानमा आवश्यकता र माग को आधारमा संकलन केन्द्रहरु स्थापना गरिनेछ ।
- गाउँपालिकाको सबै वडाहरुमा समय समयमा पशु तथा कृषि शिविर संचालन गरी पशु औषधी तथा कृषिका विउ विजन र फलफुलका बोट वितरणको व्यवस्था मिलाईनेछ ।
- संचालनमा रहेका कृषि समुह तथा तरकारी संकलन केन्द्रलाई कृषि उपज ढुवानीका लागि साझेदार निकाय संगको सहकार्यमा ५० प्रतिशतमा सवारी खरिद अनुदान उपलब्ध गराईनेछ ।
- युवालाई व्यवशायिक कृषिमा आकर्षण गर्न तथा सहकारीमा आबद्ध किसानलाई सहुलियत व्यजदरमा ऋण लगानीको वातावरण मिलाईनेछ ।
- “कृषक सम्मान-कृषिमा अनुदान” कार्यक्रम संचालन गरी कृषि उत्पादनको विक्रि वितरणमा प्रतिकेजी बिक्रि बापत नगद अनुदान उपलब्ध गराईनेछ

## ख) घरेलु तथा साना उद्योग तर्फको नीति :

- स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको वजारीकरणको सुनिश्चितता प्रदान गरिनेछ ।
- लोप हुन लागेका स्थानीय सिपहरुको खोजीगरी संरक्षण तथा प्रवर्द्धनको लागि सिप विकासका तालिमहरु संचालन गरिने छ ।
- घरेलु सिप/उद्यम अन्तर्गत बाँसको डोको लगायतका सामाग्री उद्योग स्थापना संकलन केन्द्र लगायत बजार व्यवस्थपन गरिनेछ ।

- लघुउद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ उद्यम सिर्जना तथा पुराना उद्यमीको स्तरोन्नती गरिनुका साथै उद्यमीहरुलाई उत्प्रेरण जगाउने कार्यक्रमहरु समेत संचालन गरिनेछ ।
- परम्परागत आरन घरलाई सुधार गर्दै व्यवशायिक आरनघर निर्माणमा जोड दिइनेछ ।
- लघुउद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ सिर्जना भएका उद्यमीहरुलाई उद्यम संचालन गर्न आवश्यक व्यवस्थापनको लागि अनुदान उपलब्ध गराईनेछ ।
- आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममूलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनाहरु छनौटमा प्राथमिकता दिइनेछ ।
- युवाहरुलाई बैदेशिक रोजगारमा जानबाट रोक्न र बेरोजगारी घटाउन क्षमता विकास र सिपमुलक तालिमहरु संचालन गरिने र व्यवशास स्थापनाका लागि आवश्यक सहयोग उपलब्ध गराईनेछ ।

**ग) पर्यटन नीति :**

- आन्तरिक पर्यटनका साथै बाह्य पर्यटन समेतको बढावाका लागि पर्यटन पदमार्गको स्तरोन्नति गरिनेछ ।
- पर्यटकीय क्षेत्र लामो झरनाको व्यवस्थापन तथा संरक्षणमा जोड दिईनेछ ।
- गाउँपालिका को पर्यटकीय क्षेत्र सिराईचुली, इच्छाकामना मन्दिर, उपरदाङगढी, सिंहदेवी पाथीभारा, गौरीखोला झरना,मुग्लिङ महादेव थान, त्रिवेणी भगवति (गोरखा) क्षेत्रमा पर्यटकको बृद्धि गर्न पहुँच मार्ग स्तरोन्नती गरी पर्यटन प्रवर्द्धनमा जोड दिईनेछ ।
- विभिन्न जातजातीको संस्कृतिको जगेर्ना गर्दै सांस्कृतिक कार्यक्रमहरु हरेक वर्ष पालिका स्तरीय प्रदर्शन प्रतियोगिता मार्फत पर्यटनमा जोड दिइनेछ ।
- पर्यटन प्रवर्द्धनका लागि गाउँपलिका भित्र संचालनमा रहेका होमस्टे लाई प्रवर्द्धन गर्दै थप होमस्टे स्थापनाको अवधारणलाई अगाडि बढाईने छ ।
- पर्यटन विकासको लागि पर्यटन गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।
- त्रिशुलीको र्‍याफ्टिङ व्यवशाय प्रवर्द्धन गरी राष्ट्रिय रुपमा प्रचार प्रसार गर्न त्रिशुली र्‍याफ्टिङ महोत्सव संचालन गरिनेछ ।
- गाउँपालिका स्तरीय पर्यटन विकास बोर्ड गठन गरी सोही बोर्डको सिफारिशमा पर्यटन विकासको लागि आवश्यक कदम चालिनेछ ।

**घ) सहकारी तथा गरिवी निवारण :**

- गाउँपालिका स्तरीय सहकारी समन्वय समिति स्थापना गरी सोही मार्फत सहकारी संस्थालाई अझ व्यवहारिक, सरलीकरण तथा प्रभावकारि बनाउँदै संचालन गरिनेछ ।
- गाउँपालिका भित्र संचालनमा रहेका सहकारीहरुको नियमन र अनुगमन नियमित गर्न सहकारी शाखा स्थापना गरिनेछ ।

- सहकारी संस्था संचालनमा आइपर्ने समस्याहरु व्यवस्थापन तथा लेखा सम्बन्धी तालिम संचालन गरिने छ ।
- उत्कृष्ट सहकारीलाई प्रोत्साहनको लागि पुरस्कारको व्यवस्था गरिनेछ ।
- विपन्न वर्गहरुको पहिचान गरी कृषि, घरेलु उद्यम, हस्तकला लगायतका आय आर्जनको कार्यक्रम संचालन गर्न सहकारी मार्फत विना धितोको ऋण दिने व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्रका सहकारीहरुको असल अभ्यास आदानप्रदानको लागि अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- सहकारीको माध्यमबाट सीप हस्तान्तरण नीति अवलम्बन गरी विभिन्न क्षमता विकास, सिप विकास तथा आय आर्जन सम्बन्धी तालिम दिइनेछ ।
- हरेक घर परिवारलाई सहकारीमा जोडिन प्रोत्साहन गरिनेछ ।
- गरिवि निवारणका लागि न्यूनतम १०० दिन रोजगारी उपलब्ध नहुने परिवारका लागि प्रधानमन्त्रि रोजगार कार्यक्रम मार्फत रोजगारीको सुनिश्चित गरिनेछ ।
- गरिवी निवारणका लागि नेपाल सरकारले लागू गरेको प्रधानमन्त्रि रोजगार कार्यक्रममा समन्वय गर्न आवश्यक थप बजेटको व्यवस्था गरिनेछ ।
- नेपाल सरकारको सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत गाउँपालिका भित्रका विपन्न नागरिकहरुको खरको छानो भएका घरहरुलाई जस्ता पाताले छाना छाउने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका भित्रको कुनै पनि नागरिक १ दिन पनि भोकै बस्नु नपर्ने व्यवस्था मिलाईनेछ ।

### ङ) वित्तीय क्षेत्र

- गाउँपालिका भित्र रहेको राष्ट्रिय स्तरका बैंक, अन्य आर्थिक कारोबार गर्ने वित्तिय संस्थामा सबै जनताको पहुँच स्थापना गर्न प्रोत्साहन गरिनेछ ।
- थप वित्तीय संस्थाहरु स्थापनाका लागि पहल गरी स्थानीय पूँजी संकलन तथा लगानीको वातावरण निर्माण गरिनेछ
- वित्तीय संस्था लाई आवश्यक पर्ने सहयोग तथा समन्वयको व्यवस्था मिलाईने छ ।
- गाउँपालिकामा रहेका वित्तीय संस्थाको माध्यमबाट उद्यमीहरुलाई सहुलियत ऋण प्रवाहको व्यवस्था मिलाईनेछ

श्रद्धेयसभाध्यक्षज्यू,
अब म सामाजिक विकास नीति प्रस्तुत गर्न चाहन्छु

## २. सामाजिक विकास नीति अन्तर्गत

### क) शिक्षा नीति

- गाउँपालिका शिक्षा ऐन बमोजिम आवश्यकताको आधारमा विद्यालय मर्ज तथा विद्यार्थी शिक्षक अनुपातका आधारमा शिक्षक दरवन्दी मिलानगरिनेछ ।
- विद्यालय प्रध्यानाध्यपकको जिम्मेवारी विषयगत र तहगत आधारमा व्यवस्थापन गरिनेछ ।

- विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न प्र.अ. को प्रशासनिक क्षमता विकास तालिम साथै विषयगत शिक्षकको क्षमता विकास तथा नविनतम शिक्षण विधि तालिम संचालन गरिनेछ ।
- आवश्यकता र औचित्यताको आधारमा पूर्व वाल विकास केन्द्रहरु संचालनमा ल्याइनेछ र भइरहेका केन्द्रहरुलाई निरन्तरता दिइनेछ ।
- विद्यालयस्तरीय एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली पूर्ण कार्यन्वयनमा ल्याइनेछ ।
- कोभिड-१९ का कारण शिक्षामा परेको प्रभाव न्यूनीकरण गर्दै शैक्षिक गतिविधि अगाडि बढाईनेछ ।
- पठनपाठनलाई नियमित गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण, खानेपानी, शौचालय तथा सरसफाईको प्रवन्ध गरिनेछ ।
- विद्यालयमा खेलकुद, मनोरञ्जन तथा सृजनात्मक क्रियाकलाप संचालन गरी अतिरिक्त क्रियाकलापहरुमा समेत विद्यार्थीको क्षमता विकास गरिनेछ ।
- शिक्षाविद्, बुद्धिजिवि, समाजसेवी विभिन्न संघ संस्थाहरुसंगको समेत सल्लाह, सुझाव लिएर मात्र व्यवहारिक प्राविधिक सुलभ समयानुकुल सिकाई उपलब्धि थप गर्दै लाने नीति लिइनेछ ।
- कक्षा १ देखि १२ सम्म समग्रमा उत्कृष्ट परिणाम ल्याउने विद्यालय, शिक्षक शिक्षिका तथा विद्यार्थिहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक स्तर सुधारको जिम्मेवारीमा उत्तरदायि बनाउनका निम्ति विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रध्यानाध्यापक संग कार्यसम्पादन करार सम्झौता गरिनेछ ।
- विद्यालय व्यवस्थापन समिति, अभिभावक बीच नियमित रुपमा विद्यार्थी गतिविधि, विद्यालय संचालन तथा विद्यालयको क्षमता विकासको बारेमा छलफल हुने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका भित्रका आ.वि. तथा मा.वि. सबै विद्यालयहरुमा कम्प्युटर शिक्षा अनिवार्य गर्दै रसम्पुर्ण विद्यालयहरुमा निशुल्क इन्टरनेट जडान गरिनेछ ।
- सबै विद्यालयमा कम्तिमा १ वटा कम्प्युटर कक्षा स्थापना गरिनेछ ।
- गाउँपालिकाको स्रोतमा राखिने शिक्षकहरुमध्ये कम्प्युटर, विज्ञान, गणीत र अंग्रेजी विषय शिक्षकहरुलाई लाईसेन्स अनिवार्य गरिनेछ छैन
- शिक्षक दरबन्दि नभएका विद्यालयमा आवश्यकताका आधारमा गाउँपालिकाबाट आवश्यक शिक्षकको व्यवस्था गरिएकोमा गाउँपालिकाबाट अनुदान उपलब्ध गराउने नीतिलाई पुनरावलोकन गरी क्रमश विद्यालयलाई नै आत्म निर्भर हुन आवश्यक सहजिकरण गरिनेछ ।
- गाउँपालिकाभित्रका विद्यालयहरुलाई प्रविधि मैत्री (ई हाजिरी, ई रिपोर्टिङ, स्मार्टबोर्ड) बनाउँदै लगिनेछ
- गाउँपालिका स्तरीय पाठ्यक्रम लागू गर्दै लगिनेछ ।
- गाउँपालिका भित्रका अति विपन्न विद्यार्थिहरुको उच्च शिक्षा निशुल्क गर्न छात्रबृत्तिको व्यवस्था गरिनेछ ।

- एक वडा एक नमुना विद्यालय तथा गाउँपालिका स्तरी नमुना विद्यालय घोषणा गरी ती विद्यालयको शैक्षिक विधि परिवर्तन गर्दै प्रविधि मैत्रि बनाउन आवश्यक पहल गरिनेछ ।
- आवशयकताका आधारमा विद्यालयमा छात्रबास स्थापना गरी अति विपन्न विद्यार्थीको बसोबास निशुल्क गरिनेछ ।
- बालबालिकाको विद्यालय भर्ना समयमै गर्ने व्यवस्था मिलाउने तथा विद्यालय नियमित गर्दै विद्यालय छाड्ने दर न्यूनीकरण गर्न आवश्यक कदमचालिनेछ ।
- अति विपन्न वर्गका बालबालिकाहरुका लागि सहज रुपमा पठन पाठन गर्न निशुल्क छात्रवासको व्यवस्था मिलाईनेछ ।
- स्वयंसेवक शिक्षकको व्यवस्था गरिनेछ ।

**ख) स्वास्थ्य**

- गाउँपालिकामा निर्माण सुरु गरि अलपत्र भएको १५ शैयाको ईच्छाकामना अस्पतालको अधुरो काम सुचारु गर्न जग्गा प्राप्तिको प्रकृया अगाडि बढाई अस्पताल निर्माण कार्यलाई तिब्रता दिईनेछ ।
- गाउँपालिकाका अति विपन्न गरिब परिवारलाई स्वास्थ्य विमा कार्यक्रम लागु गरीनेछ ।
- गाउँपालिकाको स्वास्थ्य संस्थामा जन्म लिने बालिकालाई उपलब्ध गराईएको अनुदान बालिका बचत खाता कार्यक्रम लाई निरन्तरता दिईनेछ ।
- राजमार्ग क्षेत्रमा हुने सडक दुर्घटनाका घाईते एवम आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नका लागि विपद व्यवस्थापन तालिम शिक्षालय कुरिनटारको ट्रमा सेन्टर तथा मुग्लिन हाईवे हस्पिटल र कुरिनटार पोलिक्लिनिकलाईसहकार्यका लागि समन्वय गरिनेछ ।
- गाउँपालिकामा रहेका सबै स्वास्थ्य संस्थाहरुमा आवश्यक सम्पूर्ण स्वास्थ्य उपकरण लगायतका सामाग्रीको पर्याप्त व्यवस्था गरिनेछ ।
- भविष्यमा आउन सक्ने कोभिड-१९ को लहरबाट सुरक्षित हुन गाउँपालिकामा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्री (मास्क, पञ्जा, सेनिटाइजर, पिपिई) हरुको अभाव नहुने गरी आवश्यक व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकामा रहेको एम्बुलेन्सको सहि सञ्चालन र व्यवस्थापन गर्न आवश्यक कदम चालिनेछ ।
- अस्पताल, स्वास्थ्य चौकी तथा स्वास्थ्य एकाइबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधी, उपकरण तथा स्वास्थ्य सामग्रीको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- खोप, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभूत सेवा सुविधलाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वंयमसेविकाहरुलाई परिचालन गर्न थप प्रोत्साहन गरिनेछ ।

- संक्रामक रोगको नियन्त्रण तथा रोकथाममा खटिने स्वास्थ्यकर्मी कर्मचारीहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- "स्वस्थ रहनु सबैभन्दा ठूलो, सबैघरमा आधुनिक चुलो" अभियान शुरु गरिनेछ ।
- सबै स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर तथा ल्याब संचालनमा जोड दिईनेछ ।
- किशोर किशोरीहरुको लागि प्रजनन स्वास्थ्य सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वास्थ्य र सरसफाई कार्यक्रमलाई प्रोत्साहन गर्न विद्यालय तथा वस्तीहरुको सरसफाई अभियान लागू गरिनेछ
- "मादक पदार्थ सेवन घटाउ, बजारी पेय पर्दा हटाउ" अभियान सुरुवात गरिनेछ ।
- सार्वजनिक स्थानमा सूर्ति तथा मदिराजन्य पदार्थ सेवनलाई कडाईका साथ निरुत्साहित गरिनेछ ।
- सम्पूर्ण आ.वि. तथा मा.वि हरुमा सेनेटरी प्याड वितरण कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।
- आयुर्वेदिक सेवाको चेतनामूलक कार्यक्रम गरी गाउँपालिकामा रहेको आयुर्वेद चिकित्सालयमा आवश्यक औषधिको लागि समन्वय गरिनेछ ।
- सबै वडामा घरदैलो जेष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम संचालन दिइनेछ ।
- विभिन्न सर्ने, नसर्ने रोगहरु, एच.आई.भि. एड्स नियन्त्रण, आखा शिविर, महिलाहरुको आंङ खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर परिक्षणलाई  प्राथमिकताका साथ अगाडी वढाइनेछ ।
- शतप्रतिशत स्वास्थ्य संस्था डेलिभरी गाउँपालिका घोषणा गर्न अवश्यक कदम चालिनेछ ।
- सबै स्वास्थ्य संस्थामा आवश्यक दैनिन न्यूनत सामाग्रीको व्यवस्थापन गरिनेछ ।
- नियमित स्वास्थ्य संस्थामा जाँच गराउने गर्भवति महिलालाई प्रत्येक जाँचमा १ क्यारेट अण्डा उपलब्ध गराईनेछ ।
- गर्भवति महिलालाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ ।
- जटिल र दिर्घ रोगीलाई उपचार छुटका लागि सम्बन्धि निकायलाई समन्वय गरिनेछ ।
- नागरिक स्वास्थ्य नियमित जाँचको लागि निशुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- गाउँपालिकामा रहेको साविकको दारेचोक स्वस्थ्य चौकीमा आवश्यक व्यवस्थापन सहित तत्काल १५ शैयाको ईच्छाकामना अस्पताल संचालन गरिनेछ ।

**ग) खानेपानी तथा सरसफाईतर्फ :**

- प्रत्येक टोलमा खानेपानी धारा निर्माण अभियान संचालन गरि एक घर एक धारा अभियान समेत संचालन गरिनेछ ।
- खानेपानी को साथ साथै सरसफाई तथा पूर्ण सरसफाई कार्यक्रम संचालन गरिनेछ ।
- खानेपानी आयोजनालाई दिगो र टिकाउ बनाउनको लागि समूदायलाई योजना हस्तान्तरण गरि समूदायबाट नै र्मर्मत संभारको व्यवस्था मिलाइनेछ ।

- खानेपानी नपुगेका टोल र वस्तीहरुमा लिफ्टिङ तथा ग्राभिटि मार्फत खानेपानीको व्यवस्था गरिनेछ ।
- सरसफाई सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- फोहोर मैला व्यवस्थापनको लागि प्रत्येक वडामा टोल विकास समिति गठन गरी आवश्यक ठाउँमा फोहोर विसर्जन स्थल तोकिनेछ ।
- ठूला खानेपानीका आयोजना निर्माण र सम्पन्न गर्नका लाीग संघ तथा प्रदेश सरकार समक्ष आवश्यक पहल गरिनेछ ।
- १० लाख भन्दा बढी रकमका खानेपानी आयोजनाहरु समुदायमा हस्तान्तरण गर्दा समुदायबाट नैमर्मत कोषको अनिवार्य व्यवस्था गरिनेछ ।
- मुख्य राजमार्ग क्षेत्रका बजारमा व्यवस्थित ढल निकासको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- खानेपानीको धारा नपुगेको घर परिवार र शौचालय नभएका घर परिवारलाई धारा तथा शौचालय निर्माण गर्न परिवारको आर्थिक अवस्था हेरी अनुदान उपलब्ध गराईनेछ ।
- राजमार्गको बजार क्षेत्रमा हुने फोहोरलाई नियन्त्रण गर्न कुहिने र नकुहिने फोहोरा राख्न मिल्ने ठूलो कन्टेनर वा भाँडोको व्यवस्था गरिनेछ ।
- फोहोर व्यवस्थापनको लागि यसभन्दा अघि गरिएको ठेक्का सम्झौता पुनरावलोकन गरी पुन प्रतिस्पर्धा मार्फत जिम्मा लगाइनेछ ।
- मुख्य बजार क्षेत्रमा कम्तिमा २ दिनमा १ पटक फोहोर उठाउने व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गर्न विभिन्न गैर सरकारी संस्थाहरु संग समन्वय गरि त्यसको संचालन गर्न आवश्यक कार्यविधि तयार गरिनेछ ।
- फोहोरमैलाको दीर्घकालिन व्यवस्थापनको लागि आवश्यक गुरुयोजना तयार गरिनेछ ।

**घ) संस्कृति प्रवर्द्धन**

- गाउँपालिका भित्रको भाषा कला परम्परालाई जीवन्त बनाउन भाषको संस्कृतिको संरक्षणमा जोड दिइनेछ ।
- चेपाङ, गुरुङ, मगर, नेवार, थकाली लगायत जातजातीको संस्कृती संरक्षण गरी व्यवशायिक बनाइनेछ ।
- विभिन्न जातजातीको परम्परागत धर्म संस्कृति रितिरिवाजलाई संरक्षण गर्न जोड दिइनेछ ।
- धार्मिक तथा सांस्कृतिक सम्पदालाई व्यवस्थित गर्दै विभिन्न मठ, मन्दिर, गुम्बा, भुमेथान, चर्च, विहार आदिको संरक्षणमा जोड दिइनेछ ।
- स्थानीय मातृभाषा पाठ्यपुस्तक तयारी गरी विद्यालयमा पठनपाठनको व्यवस्था गरिनेछ ।
- विभिन्न जात जातीको सस्कृति तथा मौलिक नाच संरक्षण गर्न सांस्कृतिक मेला प्रदर्शनि कार्यक्रम संचालन गरिनेछ ।

- गाउँपालिका भित्रका भाष तथा साहित्य विकास र संरक्षणका लागि ईच्छाकामना भाष तथा साहित्य प्रतिष्ठान समिति गठन गरिनेछ ।

**ङ) खेलकुद तथा मनोरञ्जन**

- युवाहरुको खेलकुदको रुचिलाई ध्यानमा राखी फुटबल, र्‍याफ्टिङ, क्यानोईङ लगायतका खेलहरुको अतिरिक्त जुडो, करांते, तेक्वान्दो, एथ्लेटिक्स, बक्सिङ, व्याटमिन्टन, जस्ता खेलहरु समेत संचालन गरिनेछ ।
- किशोर किशोरीका लागि आत्मरक्षा तालिम (कराँते)संचालन गरिनेछ ।
- वडा नं. ४ मा बनाउन प्रस्ताव गरिएको कुरिनटार खेल मैदान तथा रङ्गशाला निर्माणको लागि आवश्यक प्रकृया अगाडि बढाईनेछ ।
- अध्यक्ष कप फुटबल प्रतियोगिता संचालन गरिनेछ ।
- गाउँपालिका भन्दा बाहिर आयोजना हुने विभिन्न खेलकुद कार्यक्रममा गाउँपालिकाको सहभागिता सुनिश्चितता गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ
- गाउँपालिका भित्रको खेलकुद कार्यक्रमहरुको संचालन तथा व्यवस्थापनको लागि खेलकुद विकास समिति गठन गरी सोही निकायमार्फत सल्लाह सुझाव संकलन गर्दै यसको विकासमा जोड दिइनेछ
- खेलकुदको विकासको लागि नीति बनाउने आवश्यक स्रोतको व्यवस्था नगर्ने प्रबृत्तिलाई अन्त्य गर्दै आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।
- सबै वडाहरुमा क्रमशः एक वडा एक खेल मैदानको अवधारणा अनुसार खेल मैदान निर्माण कार्य अगाडि बढाईनेछ ।

**च) लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

**अ. महिला तथा बालबालिका सम्वन्धि**

- अशक्त, असाहय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक एवं अपांगता भएका व्यक्तिहरुलाई राहतका कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला हिंसा अन्त्यको लागि वडागत तथा पालिका स्तरीय कानुनी सचेतना कार्यक्रमसंचाल गरिनेछ ।
- एकल महिलाहरुको मागमा आधारित आत्म निर्भर कार्यक्रम लागू गर्दै गइनेछ ।
- महिला क्षमता विकास तथा उद्घोषण तालिम संचालन गरिनेछ ।
- गाउँपालिका प्रशासकीय भवनमा स्तनपान कक्षको स्थापना गरिनेछ ।
- अति विपन्न चेपाङ समुदायकका महिलाहरुलाई आर्थिक रुपमा सबल बनाउने आयमुलक सिप विकास तालिमका अलावा अनुदान उपलब्ध गराईनेछ ।
- बालमैत्री गाउँपालिका निर्माण गर्न अभियान संचालन गर्दै आवश्यक बजेट विनियोजन गरी कार्यक्रम संचालन गरिनेछ ।
- बालविवाह, बहुविवाह मुक्त पालिका बनाउन चेतनामूलक कानून सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

- गरिब तथा जेहेन्दार बालबालिकाहरुलाई छात्रबृत्तिको व्यवस्था मिलाइनेछ ।
- बालबालिका तथा महिलाहरुको विभिन्न दिवस समारोह तथा अभियानहरुको कार्यक्रमलाई उल्लासका साथ मनाउने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाद्वारा निर्माण गरिने हरेक संरचना बालमैत्री गराईनेछ ।
- गाउँपालिकाको उपयुक्त स्थानहरुमा बालउद्यान निर्माण कार्य अगाडि बढाईनेछ ।

**आ.दलितः**

- परम्परागत हातहतियार तथा औजारहरुको उत्पादनलाई निरन्तरता दिन सम्बन्धित उद्यमीहरुलाई पुर्नताजगीय तालिम दिने व्यवस्था मिलाइनेछ ।
- परम्परागत पेशलाई समायानुकुल बनाउन परिवर्तन गर्दै पेशागत सुधारको लागि विभिन्न प्राविधिहरु उपलब्ध गराई स्वरोजगार हुने व्यवस्था मिलाइनेछ ।
- विपन्न दलित समुदायको उत्थानको लागि उनिहरुको मागमा आधारिक आय आर्जनका सिपहरुको तालिमको व्यवस्था गरिनेछ
- विपन्न दलित समुदायलाई शिक्षामा पहुँचका लागि आवश्यक छात्रबृत्तिको व्यवस्था गरिनेछ ।
- विपन्न दलित युवाहरुलाई घरेलु उद्योग तथा आरनघर संचालनका लागि अनुदानको व्यवस्था मिलाईनेछ ।

**इ.फरक क्षमता(अपांगता) तर्फ**

- अपांगहरुको प्रकृति अनुसार नगद वितरणभन्दा सीपमूलक, क्षमतामूलक कार्यक्रम लागू गरिनेछ ।
- प्रकृतिअनुसारको अपांग परिचयपत्र वितरण गरिनेछ ।
- आर्थिक अवस्था कमजोर भएका अपांग विद्यार्थिलाई शैक्षिक सामाग्री वितरण गरिनेछ ।
- अपांगहरुको मागमा आधारित अन्य कार्यक्रमहरु संचालन गरिनेछ ।
- अपांग परिचयपत्र पाएका तर सामाजिक सुरक्षा भत्ता नपाउने वर्गका अपांगहरुका लागि सहायतका कोष स्थापना गरी आर्थिक सहायता उपलब्ध गराईनेछ ।

**ई.लक्षित(आदिवासी जनजाती, सिमान्तकृत, अल्पसंख्यक) वर्ग**

- लक्षित वर्गहरुको सिप,क्षमता विकास तथा आय आर्जनको लागि विभिन्न सिप, क्षमता तथा आयमुलक तालिम कार्यकमहरु संचालन गरिनेछ ।
- लक्षित वर्गहरुको परंम्पारगत पेशालाई समयानुकुल परिवर्तन गर्दै पेशागत सुधारको लागि आवश्यकता अनुसार विभिन्न प्रविधिहरु उपलव्ध गराई स्वरोजगार हुन प्रेरित गरिनेछ ।
- उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई लक्षित गरी लोकसेवा तर्फ प्रेरित गर्न लोकसेवा आयोगको तैयारी कक्षाहरु संचालन गरिनेछ ।

- गाउंपालिकावाट विनियोजन हुने लक्षित वर्गको वजेटलाई व्यवस्थित गरी कार्यान्वयन गर्नको लागि निर्देशिका तथा कार्यविधी तयार गरी सोही आधारमा लक्षित वर्गको कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- चेपाङ समुदायको आर्थिक उन्नती र विकासको लागि साझेदारहरुको समन्वयमा विविध कार्यक्रमहरु संचालन गरिनेछ ।

**उ.जेष्ठ नागरिक :**

- अथाह अनुभवका धनी जेष्ठ नागरिकहरुको अनुभवलाई सम्मान गर्दैजेष्ठ नागरिकहरुको अनुभव, भोगाई र सिकाईहरुलाई सामाजिक विकासको क्षेत्रमा उपयोग गरिनेछ ।
- हरेक जेष्ठ नागरिकलाई घरघरमै निशुल्क स्वास्थ्य परिक्षणको व्यवस्था मिलाइनेछ ।
- जेष्ठ नागरिक परिचयपत्र वितरणको व्यवस्था मिलाइनेछ ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ ।
- जेष्ठ नागरिक भ्रमण कार्यक्रम संचालन गरिनेछ ।
- जेष्ठ नागरिक र अशक्तलाई नानीबाबु जस्तै स्याहार गरौं, असल बुहारीलाई सम्मान गरौं भन्ने नारा सहित असल बुहारीलाई सम्मान कार्यक्रम संचालन गरिनेछ

**ऊ. न्यायिक समितिको क्षमता विकासः**

- न्यायिक समितिको कार्य सम्पादनलाई सहज बनाउनको निम्ति न्यायीक समितिका पदाधिकारीहरुलाई कानुनी तालिम संचालन निरन्तरता दिइनेछ ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरि त्यहिँबाट विवाद निरुपण गर्ने व्यवस्था मिलाइनेछ ।
- न्यायीक समितिले निरुपण गर्ने अधिकार क्षेत्रहरुको विवादका विषयहरु प्रत्येक वडा कार्यलयहरुमा टाँस गरी प्रचारप्रसार गरिनेछ ।
- न्यायीक समितिलाई विवाद निरुपणको निम्ति इजलास कक्ष र भौतिक व्यवस्थापन गरिनेछ ।
- न्यायिक समितिको क्षमता विकासको लागि अनुभव आदान प्रदान भ्रमण कार्यक्रम संचालन गरिनेछ ।
- न्यायिक समितिको कामलाई सहज बनाउन कानुनी सल्लाहकार (अधिवक्ता)को व्यवस्था गरिनेछ ।

श्रद्धेयसभाध्यक्षज्यू,
अव म पूर्वाधार विकास नीति प्रस्तुत गर्न चाहन्छु,

**३. पूर्वाधार विकास अन्तर्गत**

**क) सडक पुल तथा झोलुङ्गे पुलः**

- मुख्य राजमार्ग देखि वडा सबै कार्यलयसम्म जोड्ने सडकबाह्रै महिना संचालन हुने गरी स्तरोन्नती गरिनेछ ।
- एक वडा एक सडक कार्यक्रम संचालन गरी प्रत्येक वडामा कम्तिमा एक सडकमा नाला निर्माण र उच्च तहको ग्रावेल कार्यक्रम यसै वर्ष सुरु गरिनेछ ।
- गाउँपालिका भित्र निर्माण भएका सडक ट्रयाकहरुको व्यवस्थापन तथा सडक स्तरोन्नती गरिनेछ ।
- गाउँपालिका केन्द्र बजारक्षेत्र लगायत मुख्य बजार क्षेत्रमा  क्रमशः ढल निकास सहित कालोपत्रे सडक निर्माण गरिनेछ ।
- नयाँ सडक ट्रयाक खोल्ने कार्यक्रमलाई न्यूनिकरण गर्दै भएका सडकहरुको स्तरोन्नतीको कार्यलाई प्रथामिकता दिईनेछ ।
- संचालनमा रहेका सबै बाटाहरुको मर्मतका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाभित्र निर्माण हुने सडक हरुको वर्गिकरण गरी न्यूनतम ६ मिटर चौडा कायम गरिनेछ ।
- वर्षा लागायतका विपदका कारण अवरुद्ध हुन सक्ने सडक मार्ग खुलाउन प्रत्येक वडाबाट नै आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्रका रणनीतिक सडकहरुको पहिचानको लागि आवश्यक मापदण्डहरु तय गरि गाउँपालिका भित्रका सडक आयोजनाको अभिलेख तयार गरिनेछ ।
- उज्यालो राजमार्ग कार्यक्रम अन्तर्गत सडक बत्ति व्यवस्थाको लागि आवश्यक समन्वय गरिने छ ।
- गाउँपालिकाभित्र आवश्यक मोटरेवल पुल निर्माणको लागि प्रदेश सरकार र केन्द्र सरकार समक्ष पहल गर्ने तथा DPR हुन बाँकी रहेको ठाउँहरुमा DPR गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।
- झोलुङ्गेपुल आवश्यक भएका स्थानमा थप झोलुङ्गे पुल निर्माणको लागि संघीय सरकार समक्ष पहल गरिनेछ ।

## ख) सिंचाई तर्फ :

- सिंचाईको सुविधाबाट वञ्चित खेत तथा फाँटहरुमा आवश्यक बजेटको व्यवस्था गरि कृषि उत्पादनमा जोड दिइनेछ ।
- मागका आधारमा सिंचाई योजना संचालन गरिनेछ ।
- मझौला तथा ठूला सिंचाई योजनाहरुको पहिचान गरी सिंचाई डिभिजन, प्रदेश सरकार र केन्द्र सरकारसंग अनुरोध गरिनेछ ।

## ग) भवन तथा सहरी विकास तथा आवास

- निर्माणाधिन गाउँपालिकाको मुख्य प्रशासनिक भवनको सम्पन्न गर्नको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- सवै वडामा वडाकार्यालय भवन निर्माणको काम तत्काल अगाडी बढाईने छ ।

- जुनसुकै भवन निर्माण गर्दा भुकम्प प्रतिरोधी भवन अनिवार्य गर्दै पक्कि भवन बनाउँदा नक्सा पास गर्न अनिवार्य गरिनेछ ।
- ईच्छाकामनागाउँपालिका क्षेत्रभित्रका जग्गाहरु अध्ययन अनुगमन तथा सम्भाव्यवता अध्ययन गरी नयाँ मूल्य कायम गरिनेछ ।
- गाउँपालिकाको वस्ति विकास तथा शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड तय गरिनेछ ।
- गाउँपालिकाको वडा नं. ४ मा व्यवस्थित शहरीकरणका लागि डिपिआर निर्माण गरिनेछ ।
- कुयलघारी , गुजीवाङबाट स्थानान्तरण भई हाल सिमलढाप, जुटपानीमा रहेका परिवारलाई उचित व्यवस्थापन गरिनेछ ।
- आवास विहिन विपन्न परिवारको लागि साझेदार निकायको सहकार्यमा इच्छाकामना आवस कार्यक्रम ल्याईनेछ ।

**घ) उर्जा, लघु तथा साना जलविद्युतः**

- विद्युत लाईन विस्तार नभएको क्षेत्रमा विद्युत विस्तार गरी आगामि आर्थिक वर्षलाई विद्युतिकरण सम्पन्न वर्षको रुपमा मनाईनेछ ।
- गाउँपालिका भित्रका तत्काल विद्युत पुग्न नसक्ने टोल वस्तिमा सौर्य उर्जा मार्फत विद्युतीकरणको लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमा आवश्यक पहल गरिनेछ । तथा विभिन्न टोल बस्तीमा संचालनमा रहेका वैकल्पिक उर्जाका योजनाहरुलाई नियमित संचालनको व्यवस्था मिलाइनेछ ।
- साझेदार निकायको समन्वयमा उज्यालो इच्छाकामना कार्यक्रम संचालन गरी गाउँपालिका विद्युतीकरण तथा बैकल्पिक उर्जाको व्यवस्थापनमा जोड दिईनेछ ।

**ङ) सूचना तथा संचार तर्फ :**

- वडा कार्यालयहरुमा इन्टरनेटको नियमित संचालनको लागि द्रुत गतिको अप्टिकल फाईबर नेट जडानको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- गाउंपालिकाका विकास निर्माणका हरेक गतिविधीहरुलाई आम जनसमुदाय समक्ष पु-याउन एफ.एम. तथा सामुदायिक रेडियो मार्फत **"ईच्छाकामनासमृद्धि तथा गतिविधि"** नामको कार्यक्रम संचालन गरिनेछ ।
- पत्रकारीता, संचारजगत संग विकास र सुशासनमा सहकार्यलाई निरनतरता दिईनेछ ।
- सामाजिक संजाल तथा आफ्नै वेभ साइटमा गाउंपालिकाका सुचनाहरुको प्रवाहलाई निरन्तरता दिइनेछ ।
- पालिका भित्रका कार्यालयहरुको पत्राचार विद्युतीयमा माध्यमद्वारा छिटो छरितो तरिकाले पठाउने व्यवस्था मिलाइने छ ।
- जनप्रतिनिधि तथा कर्मचारीलाई कम्प्युटर तालिमको व्यवस्था मिलाइने छ ।
- जनताको सुसूचित हुन पाउने अधिकारलाई प्रत्याभूत गर्न गाउँपालिकाले गरेका हरेक कामको जानकारी दिन हरेका शाखाका कामको जानकारी सूचना अधिकारीलाई गराउने व्यवस्था मिलाइने छ ।

- गाउँपालिकाले पारित गरेका कानुनहरु राजपत्रमा प्रकाशित गरी वेभसाइट, फेसबुक, ट्विटर लगायत माध्यमबाट जनतासम्म पुऱ्याउने ब्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाको कार्यालयको सुचना प्रविधिको कार्यक्षेत्रमा व्यापकता ल्याई गाउँपालिकाबाट संचालन गरिएका हरेक कार्यक्रम पल पलमा वेभसाईट, फेसबुक, ट्विटर लगायत सामाजिक सञ्जालबाट जनतालाई सुसुचित गरिनेछ ।
- गाउँपालिकाको हरेक नागरिकको यथार्थ वस्तुस्थिती थाहा पाउन गाउँपालिका डिजिटल भिलेज प्रोफाइल निर्माण गरिनेछ ।
- अतिविपन्न घर परिवार समेत सुचना तथा संचारको हकबाट बञ्चित हुन नदिन निशुल्क रेडियो वितरण गरिनेछ ।

श्रद्धेयसभाध्यक्षज्यू,
अब म वातावरण संरक्षण तथा विपद व्यवस्थापन नीति प्रस्तुत गर्न चाहन्छु

## ४. वातावरण संरक्षण तथा विपद व्यवस्थापन :

- वन, वातावरण, प्राकृतिक स्रोतको संरक्षण र दीगो उपयोगगर्दै जलवायु परिवर्तनका नकारात्मक प्रभाव र सम्भाव्य विपदका जोखिमहरू सहन गर्नसक्ने खालको विकास गर्ने कार्यक्रमहरु अगाडि बढाईनेछ ।
- विपद्हरुको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुर्नलाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- पुर्वाधार विकासका क्रियाकलाहरु सञ्चालन गर्न विपद जोखिम संवेदशीलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा इष्टिमेट गर्ने व्यवस्था मिलाइनेछ ।
- वातावरण संरक्षणको लागि गाउंपालिका क्षेत्रमा खाली रहेका सार्वजनिक जग्गाहरुमा तथा सडक छेउमा माटो बग्ने कार्यलाई रोक्नको लागि वृक्षारोपण गरिनेछ
- समुदायमा विपद व्यवस्थापन सम्बन्धि सतर्कता र सचेतना जगाउने कार्यक्रम संचालन गरिनेछ ।
- प्राकृतिक प्रकोपबाट जोखिम युक्त वस्ती पहिचान गरि संरक्षण कार्यमा जोड दिइनेछ ।
- गाउँपालिकामा विपद उद्दार सामाग्रीको व्यवस्थापन गरिनेछ ।
- एकवडा एक मनोरंजन पार्कतथा एक वडा एक पोखरी कार्यक्रम संचालन गरिनेछ ।
- विपद व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु वडागत रुपमा संचालन गरिनेछ ।
- जलवायु मैत्री गाउँपालिका वनाउनको लागि वातावरणमैत्री स्थानीय शासन २०७० को सुचक अनुसार कार्यक्रम अवलम्वन गरिनेछ ।
- विपद व्यवस्थापनको कार्यहरु संचालनको लागि वातावरण तथा विपद् व्यवस्थापन समितिलाई जिम्मेवार वनाइनेछ ।

- वातावरण संरक्षणका निम्ति संघ संस्था संगको साझेदारीमा सार्वजनिक तथा सामुदायिक जग्गामा सघन बृक्षरोपण कार्यक्रम अगाडि बढाईनेछ ।
- खोला किनारवाट अनधिकृत रुपमा ढुंगा, गिट्टी तथा वालुवा निकासी कार्यलाई पूर्णत रोक लगाई वैधानिक रुपमा स्थानीय रुपमा संरक्षण संचालन प्रयोगको व्यवस्था गरी निकासीको व्यवस्था मिलाइने छ ।
- सामुदायिक बन व्यवस्थापनमा जोड दिइनेछ । साथै गाउँपालिकाको विपद व्यवस्थापन कार्ययोजना लापा(LAPA) निर्माण गरिनेछ ।

श्रद्धेयसभाध्यक्षज्यू
**अब म संस्थागत विकास तथा सेवा प्रवाह नीति प्रस्तु गर्न चाहन्छु,**

## ५. संस्थागत विकास तथा सेवा प्रवाह अन्तर्गत

### क) कार्यालय व्यवस्थापन नीति

- गाउँपालिकालाई सशक्त स्थानीय सरकारका रूपमा स्थापित गर्दै सेवा प्रवाहलाई जनताले प्रत्यक्ष अनुभूति गर्न सक्ने स्तरमा छिटो, छरितो, पारदर्शी, सबैको सहज पहुँच हुन सक्ने र जिम्मेवार ढंगको बनाउने गरी अगाडि बढिनेछ ।
- गाउँपालिकाको कार्यसञ्चालन सहज गर्न आधुकिन प्रविधिको प्रयोगमा जोड दिईनेछ ।
- गाउँपालिकामा जनताको काम गर्न कोठा कोठा चाहर्नुपर्ने बाध्यतालाई अन्त्य गर्न आवश्यक समन्वय/सहयोगी कर्मचारीको व्यवस्थापन गरिनेछ ।
- सरल छिटो छरितो र प्रभावकारी सेवा प्रवाहलाईप्राथमिकता दिंदै दैनिक प्रशासनिक कार्य संचालन गर्नको लागि आवश्यक पर्ने लेखा, पञ्जिकरण,सम्पती कर, योजना लगाएत सवै प्रकारका सेवा डिजिटल माध्यमबाट सरलिकृत गरी सेवाग्राहीहरुलाई चुस्त बनाईने छ ।
- अरु स्थानीय तहमा भए गरेका राम्रा कामहरुको अनुसरण गर्दै त्यसको प्रभावकारिताको आधारमा यस गाउँपालिकामा पनि लागू गरिने छ ।
- सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणली मार्फत भुक्तनी अनिवार्य गरिनेछ ।
- अनुगमन कार्यलाई मासिक रुपमा क्षेत्र तथा दिन तोकि नियमित गरिनेछ ।
- गाउँपालिका भित्रका ठूला आयोजनाहरु (२० लाख रुपैयाँ भन्दा बढी रकमका) अनिवार्य टेण्डर माध्यमबाट गरिनेछ तर विषेश कारण र परिस्थितीमा कार्यपालिकाले निर्णय गरेर ५० लाख रुपैयाँ सम्मको योजना उपभोक्ता मार्फत संचालन गर्न सकिने व्यवस्था मिलाईनेछ । र निर्माण व्यवशायीहरुले गरेका ढिलासुस्तीलाई कडाईकासाथ नियन्त्रण गरिनेछ ।
- वालमैत्री गाउँपालिकाको विकासको लागि विकास पूर्वाधार विकास निर्माण गर्दा बालमैत्री बनाइने छ
- ईच्छाकामनाको विकासलाई दिगो र थप प्रभावकारी बनाउन इच्छाकामना विकास बोर्ड गठन गरिनेछ ।

**कर्मचारी प्रशासन तथा पदाधिकारी क्षमता विकास नीति**

- उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गर्दै प्रभावकारी सेवा प्रवाहमा जोड दिन कर्मचारीलाई उत्प्रेरणाको कार्यक्रम ल्याइने छ ।
- जनप्रतिनिधि तथा कर्मचारीको समयानुकुल क्षमता विकासको लागि विभिन्न तालिम, गोष्ठि तथा प्रविधि मैत्री ज्ञानको विकासमा जोड दिइनेछ ।
- गाउपालिकालाई मादक पदार्थ मुक्त क्षेत्र वनाउन चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- सरकारी, सहकारी तथा निजि क्षेत्र संग सहकार्य गर्दै सामाजिक तथा आर्थिक विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- विषयगत विज्ञसंगको परामर्शमा विकास निर्माण कार्यलाई अगाडि बढाइनेछ ।
- ईच्छाकामनागाउंपालिकामा राम्रो कार्य गर्ने कर्मचारी पुरस्कृत गरिनेछ ।

**वित्तिय व्यवस्थापन र सुशासन नीति**

**क). राजश्व परिचालन तर्फ :**

- कर तिर्नु जनताको दायित्व हो भन्ने धारणाको विकास गर्नसमुदाय तथा वडा तह सम्म कर सम्वन्धि चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- प्रगतिशिल सम्पत्ति कर प्रणाली लागू गरी गरिव जनताबाट उठाइने करमा कमि गरिनेछ ।
- राजश्व संकलन कार्यलाई प्रभावकारी र पारदर्शी वनाउनको लागि सफ्टवेरको विकास गरी लागु गरिनेछ ।
- वडा कार्यालय तथा गाउँकार्यपालिकामा संकलित कर समयमै गाउँपालिकाको खातामा जम्मा गराई यसको पारदर्शितामा जोड दिइने छ ।
- कर उठाउने कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा संग कार्य सम्पादन करार सम्झौता गरिनेछ र सम्झौता बमोजिम कर उठाउने वडा कार्यालयका कर्मचारीलाई पुरस्कृत हुने ब्यवस्था मिलाइनेछ ।
- उपलब्धश्रोत साधनको प्रभावकारी तथा दिगो परिचालन गर्दै गाउंपालिकाको आन्तरिक श्रोत वृद्धिको लागि राजश्वका थप क्षेत्रहरुको खोजी गरिनेछ ।
- राजश्व परिचालनलाई प्रभावकारी वनाउन राजश्व शाखाको व्यवस्था गरि संस्थागत सुदृढिकरणका लागि आवश्यक श्रोत साधनको प्रवन्ध मिलाइनेछ ।

**ख). वित्तिय अनुशासन र सुशासन नीति**

- कार्यपालिकाको कार्यालय, वडा कार्यलय तथा विषयगत शाखा वा एकाइको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्रविधि मैत्री बनाउन आवश्यक बजेट व्यवस्था गरिनेछ ।

- कोभिड-१९ को कारण व्यापार तथा सेवा क्षेत्रमा पर्न गएको नकरात्मक असरबाट राहत प्रदान गर्न गाउँपालिकाले संकलन गर्ने व्यवसाय कर, घरबहाल कर जस्ता करका क्षेत्रमा परेका असरको मूल्याङ्कन गरी कर सहुलियत प्रदान गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ ।
- कोभिड-१९ को कारण कर तथा गैरकर राजस्वमा पर्न सक्ने असरलाई आँकलन गरी आन्तरिक आय अनुमानलाई  सकेसम्म यथार्थपरक बनाइनेछ ।
- आर्थिक क्रियाकलापहरुमा आएको सङ्कुचनसँगै स्थानीय तहको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजस्व बाँडफाँट तथा रोयल्टी रकममा आउनसक्ने कमिलाई ध्यान दिँदै लचकता सहितको उपयुक्त आकारको बजेट तर्जुमा गरिनेछ ।
- सेवाप्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्यायी बनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिकालाई दिर्घकालिन आर्थिकभार तथा दायित्व वृद्धि नहुनेगरि निर्णयहरु गरिने छ ।
- आर्थिक ऐन र खरिद ऐनको पूर्ण अधिनमा रहि उपभोक्ता समिति मार्फत हुन सक्ने कार्यहरु सोही मार्फत र नसक्ने ठूला कार्यहरु टेण्डर मार्फत गर्ने नीति लिइनेछ ।
- कुनै पनि योजनाको जिवन्त तत्व उपभोक्ता समिति भएको हुंदा उपभोक्ता समितिको क्षमता विकासको लागि वडा वडामा उपभोक्ता समितिको क्षमता विकासको लागि तालिम कार्यक्रम संचालन गरिनेछ ।
- हरेक योजनामा अनिवार्य रुपमा होडिङ्ग वोर्ड राख्न लगाइने छ र सो बापतको रकम इष्टिमेटमा नै व्यवस्था गरिनेछ ।
- योजनाको फरफारक जेष्ठ मसान्त भित्रै गर्ने व्यवस्था मिलाईनेछ ।
- अघिल्लो आ.व. का वेरुजुलाई फर्स्यौट गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।
- शुसासन प्रवर्द्धनमा जोडदिन गाउँपालिकामाआउने गुनासोहरुलाई व्यवस्थित गर्नको लागि गुनासो अभिलेखगर्ने, सुझाब सुन्ने, त्यसको रेकर्ड राख्ने तथा गुनासो संबोधन गर्ने प्रणालीको विकास गरिनेछ ।
- सार्वजनिक सुनुवाई प्रत्येक चौमासिकमा संचालन गरिनेछ, नागरिक वडापत्र आदिको माध्यम द्वारा वडा तथा गाउंपालिका तहमा शुसासन प्रवर्द्धनमा जोड दिइनेछ ।
- विकास निर्माणका गतिविधीहरु आम नागरिक संग पु-याउनको लागि संचार माध्यमको प्रभावकारी उपयोग गरिनेछ ।
- प्रचार मुखि भन्दा प्रभाव मुखि विकास निर्माण र सेवा प्रवाहमा जोड दिइने छ ।
- गाउँपालिकाको त्रैमासिक खर्च विवरण वेभसाईट मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकालाई भ्रष्टाचार मुक्त बनाउने आवश्यक पहल गरिनेछ ।
- काममा लगनशिल कर्मचारीलाई पुरस्कृत गरिनेछ ।
- गाउँपालिकाको काममा सहजिकरणको लागि हेल्प डेस्कको व्यवस्था गरिनेछ ।
- कर्मचारी पोषाक र परिचयपत्र अनिवार्य गरिनेछ ।

- गाउँपालिको गुनासो तथा काम कारवाहीको सोधपुछका लागि टोल फ्रि नं. संचालन गरिनेछ ।
- चालु आर्थिक बर्षमा उपभोक्ता समिति मार्फत सम्पन्न भएका आयोजनाहरुलाई सम्बन्धित उपभोक्ता समितिहरुलाई हस्तान्तरण गरि योजनाको स्वामित्व ग्रहण गर्न र मर्मत संभार र दिगोपनाको निम्ति सम्बन्धीत उपभोक्ता समितिहरुलाई जिम्मेवार बनाइने कार्यलाई निरन्तरता दिईनेछ ।
- विकासमा जनताले देख्ने र प्रभावकारी हुने खालका योजना ल्याउन वडाध्यक्षरुलाई आग्रह गर्दै हरेक वर्ष वडामा एउटा गौरव गर्न लायक को योजना निर्माण गरिनेछ ।
- गाउँपालिका भिलेज प्रोफाईल निर्माण गरेर गाउँपालिका भित्रको तथ्यांक अध्यावधिक गरिनेछ ।
- पाँच वर्षमा गाउँपालिकाको मुहार फेरिने गरी योजना निर्माण तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

अन्त्यमा, यस गाउपालिकाको चालु आर्थिक बर्षका विकास निर्माण, स्वास्थ्य शिक्षा, कृषि पशु लगायत क्षेत्रमा लगनशिल भई काम गर्ने कर्मचारी र आगामि आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम निर्माणमा सहयोग पुऱ्याउनुहुने संघीय माननीय तथा प्रदेश माननियज्यूहरु, उपाध्यक्ष लगायत सपूर्ण पदाधिकारीमित्रहरु, प्रमुख प्रशासकिय अधिकृतज्यू लगायत कर्मचारी मित्रहरु, गाउँपालिकामा आयोजना संचालन गरिरहेका संघ संस्था, सुरक्षा निकाय, संचार क्षेत्र लगायत आम इच्छाकामना वासी जनसमूदाय प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद**

माया सिलवाल
उपाध्यक्ष